





# नेपाल खाद्य सुरक्षा बुलेटिन

अंक-३१, मध्य पौष-मध्य चैत्र २०६७


## वर्तमान अवस्थाको समिक्षा

**यस पटकको संस्करण मध्य तथा सुदूर पश्चिमी पहाडी र हिमाली क्षेत्रमा केन्द्रित छ।**

गत आश्विन-कार्तिक महिनामा भिञ्चाइएको बर्षे बालिको उत्पादन राम्रो हुनाको कारण समग्रमा मध्य पौष देखी मध्य चैत्र २०६७ सम्मको अवधिमा प्राय नेपाल भरिको खाद्य सुरक्षाको अवस्था स्थिर रह्यो। कतिपय स्थानहरु जहाँ स्थानिय उत्पादन खराव रहेको थियो, ती स्थानहरुको अवस्था भने बिग्रिएको छ।

खासगरी सुदूरपश्चिमका पहाडी र हिमाली जिल्लाहरुमा बर्षेबालिको नोक्सानी भएका कारण उच्चतम् खाद्य असुरक्षाको अवस्था छ। यस्तो मारमा परेका जिल्लाहरु मध्ये प्रमुख रुपमा सुर्खेत, दैलेख, डोटी डडेलधुरा र बाजुरा जिल्लाहरु पर्दछन्। ती जिल्लाहरुको धेरैजसो गाविसहरुमा ३० प्रतिशतले वा सो भन्दा बढि नै बर्षे बालिहरुको उत्पादनमा ह्रास आएको थियो। यसको प्रमुख कारणहरुमा ढिलो तथा अपर्याप्त वर्षा र कतिपय स्थानहरुमा असिनाको प्रकोपका कारण बालिमा क्षति पुग्नु हो। यी भौगोलीक क्षेत्रमा, नेपाल खाद्य सुरक्षा अनुगमन प्रणली (NeKSAP) अन्तर्गत जिल्ला खाद्य सुरक्षा सञ्जालहरुले ४५ गाविसहरु उच्चतम खाद्य असुरक्षित (चरण-३) अवस्थामा पुगेको पहिचान गरेका छन्। उक्त क्षेत्रका मानिसहरुले कम रुचीकर खाना खाएर, खानाको मात्रामा कटौती गरेर र चलअचल सम्पत्ती बेचबिखन गरेर निर्वाह गरिरहेका छन्। यी क्षेत्रका घरधुरीहरुको खाद्य सञ्चिती १-२ महिना सम्मका लागि मात्र पर्याप्त भएको र स्थानीय स्तरमा रोजगारीका अवसरहरु पनि १०-३० प्रतिशतले घटेको रिपोर्ट छ।

चित्र १. खाद्य असुरक्षित जनसंख्या प्रतिशत*




कर्णाली भेगमा, विश्व खाद्य कार्यक्रमको खाद्य सहयोगका कारण खाद्य सुरक्षाको स्थिती स्थिर रहेको छ। घरधुरीहरुको खाद्य सञ्चिती धेरै न्यून हुनाले, नेपाल खाद्य सुरक्षा बुलेटिनको अघिल्लो अङ्क (अङ्क-३०) मा खाद्य सुरक्षाको स्थिती नाजुक हुन सक्ने आँकलन गरिएको थियो। विश्व खाद्य कार्यक्रमको खाद्य सहयोगका साथै अन्य सँघसँस्था तथा विकास निकायहरुको कार्यक्रमले गर्दा घरधुरीहरुको खाद्य सञ्चयमा सहयोग पुगेको छ। यस्को फलस्वरुप घरधुरीहरुले हिउँदे बालि भिञ्चाइने बेलासम्म धान्न सक्ने अवस्था छ। यसका अतिरिक्त, विभिन्न विकास निकायहरुले भौतिक निर्माण लगायतका विकासका कामहरु सञ्चालनमा ल्याएको हुनाले स्थानिय स्तरमा रोजगारको अवस्थामा सीमित् सुधार आएको छ। धेरै घरधुरीहरुले बिप्रेषण वापतको रकम पनि प्राप्त गरिरहेको अवस्था छ; जस्तै जुम्ला तथा कालिकोटका ३०% घरधुरीहरुले भारतवाट कमाई गरेर बिप्रेषण वापत राम्रै आम्दानी गरिरहेछन्।

नेपालको समग्र स्थानमा मध्य बैसाख देखी मध्य असारसम्ममा हिउँदे बालि गहुँ, जौ र उवा बालि भिञ्चाउने काम हुनेछ। जसको कारणले गर्दा नेपालको समग्र खाद्य सुरक्षा स्थितमा सुधार आउने देखिन्छ। जिल्ला कृषि विकास कार्यालय र नेपाल खाद्य सुरक्षा अनुगमन प्रणली (NeKSAP), जिल्ला खाद्य सुरक्षा सञ्जालहरुले दिएको जानकारी अनुसार हिउँदे बालिको उत्पादन स्थिति साधारणतया सामान्य रहने पुर्वानुमान रहेको छ।

नेपालमा खाद्य बस्तुहरुको निरन्तरको मुल्य बृद्धि ठूलो चासोको विषय वनेको छ। नेपाल राष्ट्र बैङ्क को तथ्याँङ्क अनुसार उपभोक्ताहरुको मुल्य सुचाङ्क मध्य पौषमा ११.३ प्रतिशतले बृद्धि भएको थियो भने अघिल्लो बर्षको यहि अवधिमा उक्त सुचाङ्क १०.७ प्रतिशत थियो। यो खासगरी खाद्य बस्तु तथा पेय पदार्थमा भएको उच्च मुल्य सुचाङ्क बृद्धिका कारण भएको थियो, जुन १७.६ प्रतिशत बढेको थियो।

## खाद्य सुरक्षा अवस्था संक्षेपमा

| खाद्य सुरक्षा समूह (Cluster) | हालको अवस्था | अघिल्लो अवधिबाट परिवर्तित | ३ महिनाको पुर्वानुमान | ६ महिनाको पुर्वानुमान |
|---|---|---|---|---|
| १. कर्णाली | ◐ | → | ↑ | ↓ |
| २. सुदूर पश्चिमी पहाडी तथा हिमाली जिल्लाहरु | ● | ↓ | ↑ | ↓ |
| ३. राप्ति-भेरी पहाडी जिल्लाहरु | ● | → | → | ↓ |
| ४. पश्चिमी तराई | ● | → | → | → |
| ५. मध्य र पुर्वी तराई | ● | → | → | → |
| ६. पश्चिमी पहाडी तथा हिमाली जिल्लाहरु | ● | → | → | → |
| ७. मध्य पहाडी तथा हिमाली जिल्लाहरु | ● | → | → | → |
| ८. पूर्वी पहाडी तथा हिमाली जिल्लाहरु | ● | → | → | → |
| **खाद्य असुरक्षित जनसंख्या** | ५ लाख | → | → | → |

**वर्गीकरण पद्दति** *वर्गिकरण सम्बन्धि विस्तृत जानकारीकालागि पृष्ठ ३मा हेर्न सकिनेछ।*

- सामान्य खाद्य सुरक्षित अवस्था
- मध्यमस्तरीय खाद्य असुरक्षित अवस्था
- उच्चतम् खाद्य असुरक्षित अवस्था
- गम्भीर खाद्य असुरक्षित अवस्था
- मानवीय आपतकालीन/भोकमरीको अवस्था

*२०६७ को वर्षे बालिको राम्रो उत्पादन, बजारमा खाद्यान्न आपूर्तिमा भएको निरन्तरता र नगदे बालि (पूर्वी पहाडी तथा हिमाली क्षेत्रहरुमा अलैंची) बाट भएको आम्दानीले नेपाल भर प्राय क्षेत्रहरुमा खाद्य सुरक्षा अवस्था सामान्य स्थितिमा ल्याउन वल पुऱ्यायो। कर्णाली क्षेत्रमा विश्व खाद्य कार्यक्रमको खाद्य सहयोगका कारण खाद्य सुरक्षा अवस्था मधयमस्तरीय तहमा स्थिर राख्न मुख्य भूमिका खेल्यो।*

*देश भर आगामी अनुगमन अवधिमा अवस्था सामान्य र हने वा सुधार हनु अनुमान छ। मध्य चैत्र-मध्य असार अवधिमा मुख्य हिउँदे बालि गहुँ र जौ भिञ्चाइनेछ जसले घरधुरीको खाद्य सञ्चिती परिपूर्ति हुनमा सहयोग पुग्ने छ। हिउँदे बालिको उत्पादन अवस्थाको पुर्वानुमान पनि सामान्य रहने अनुमान छ।*

नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली
Nepal Khadhya Surakshya Anugaman Pranali (NeKSAP)
Nepal Food Security Monitoring System


**विश्व खाद्य कार्यक्रमले खाद्य असुरक्षित जनसंख्या निकाल्नकालागि प्रयोग गरेको विधि विस्तृत रुपमा निम्न (NeKSAP) गुगल ग्रुप विद्युतीय ठेगानामा हेर्न सकिनेछ;* https://docs.google.com/viewer?a=v&pid=sites&srcid=ZGVmYXVsdGRvbWFpbnxuZWZvb2RzZWN8Z3g6NWFjYWE1M2E0ZjFkNjNlNQ



नक्सा १.

# नेपालमा खाद्य सुरक्षाको स्थिति

## मध्य पौष-मध्य चैत्र, २०६७




*A3 size को राष्ट्रिय स्तरमा खाद्य सुरक्षा नक्सा NeKSAP को निम्न गुगल साईटको विद्युतिय ठेगानामा उपलब्ध गराइएको छ;* [http://sites.google.com/site/nefoodsec/home/food-security-phase-classification-maps](http://sites.google.com/site/nefoodsec/home/food-security-phase-classification-maps)



# नेपाल खाद्य सुरक्षा बुलेटिन, अंक-३१
## उच्चतम् तथा गम्भिर खाद्य असुरक्षित जनसंख्या

## उच्चतम् तथा गम्भिर खाद्य असुरक्षित जनसंख्या

विश्व खाद्य कार्यक्रमको अनुमान अनुसार मध्य तथा सुदूरपश्चिमका पहाडी तथा हिमाली जिल्लाहरु र राप्ति भेरीका पहाडी जिल्लाहरुका करिब ५ लाख मानिसहरु उच्चत्तम् एवं गम्भिर खाद्य असुरक्षाबाट पीडित छन् । गत अनुगमन अवधि (खाद्य सुरक्षा बुलेटिन अंक ३०) को तुलनामा यस अवधिमा प्रमुख रुपमा घरधुरीको खाद्य सञ्चितीमा कमि आउनुको कारणले गर्दा जोखिममा रहेका मानिसहरुको संख्यामा उल्लेख्य बृद्धि भएको छ । यसका अतिरिक्त, घरधुरीवाट प्राप्त जानकारी अनुसार यस अवधिमा स्थानीय स्तरमा रोजगारीका अवसरमा १०-३० प्रतिशतले कमी आयो र खाद्यान्नको बजार मूल्यमा पनि १०-२० प्रतिशतले बृद्धि भयो ।

तल दिइएको तालिकामा NeKSAP, जिल्ला खाद्य सुरक्षा सञ्जालको रिपोर्ट अनुसार कर्णाली क्षेत्र, सुदूरपश्चिम पहाडी तथा हिमाली क्षेत्र र राप्ती-भेरी क्षेत्रका ४५ गाविसहरुमा बहुसंख्यक रुपमा (Concentrated) उच्चतम खाद्य असुरक्षित (चरण-३) अवस्थामा भएका जनसंख्याको आँकडा उपलव्ध गराइएको छ । खाद्य असुरक्षाको यस्तो अवस्थामा घरधुरीहरुले न्यून गुणस्तरीय एवं कम रुचीकर खाद्यान्न उपभोग गर्ने र गम्भिर तथा चाँडै परिपूर्ति नहुने खालका जस्तैः खाद्य उपभोगको मात्रा घटाउने, अत्यधिक रुपमा अैंचोपैंचो गर्ने साथै चल अचल सम्पत्तीको बेचबिखन गर्ने जस्ता निर्वाहपद्दतीहरु अपनाउने गर्दछन् ।

| प्रभावित जिल्ला/गाबिसहरु | उच्चतम् खाद्य असुरक्षित<br>तेस्रो चरण | गम्भिर खाद्य असुरक्षित<br>चौथो चरण | जिल्लाको कुल जनसंख्यामा खाद्य असुरक्षित जनसंख्याको % |
|---|---|---|---|
| **समूह २. सुदूर पश्चिमी पहाडी तथा हिमाली जिल्लाहरु** | | | |
| **बझाङः** सुनिकोट, मौलाली, कैलाश, गडाराया, मस्टा, व्याँसी, कन्डेल, कान्डा, र दहबगर | २६,००० | ० | १३.५ % |
| **दार्चूलाः** राप्ला, घुन्सा, खण्डेश्वरी, तपोवन, सेरी, र रानीशिखर | ८,९०० | ० | ६.३ % |
| **बाजुराः** दहकोट, मानाकोट, दोगडी, कैलाशमाण्डु, छतरा, र तोलिदेवल | ३१,५०० | ० | २५.५ % |
| **बैतडीः** आमचौर, शिवनाथ, महारुद्र, कुलाउ, उदयदेव, पञ्चेश्वर, महाकाली, सर्माली, कोटपेटारा, न्वादेउ, महादेवस्थान, मठैराज, तल्लादेही, मल्लादेही, विजयपुर, सकर, र कैलपाल | ३१,००० | ० | ११.७ % |
| **समूह ३. राप्ती-भेरी पहाडी क्षेत्र** | | | |
| **दैलेखः** अवलपराजुल, पिपलकोट, सिंगडी, द्वारी, कांसीकांध, जगन्नाथ, र बडाभैरव | २०,३०० | ० | ७.८ % |
| **यस अनुगमन अवधिको कूल जम्मा** | १९७,७०० | ० | |
| **गत अनुगमन अवधिको कूल जम्मा** (मध्य/सुदूर पश्चिमी पहाडी तथा हिमाली क्षेत्र मात्र) | ११,३०० | ० | |
| **गत वर्ष यही अनुगमन अवधिको कूल जम्मा** | ४४५,४०० | १४,१०० | |
| **फरकः**<br>**गत अनुगमन अवधि**<br>**गत वर्ष यही अनुगमन अवधि** | + ९४२ %<br>-७४ % | ०<br>-१०० % | |

### खाद्य सुरक्षा चरण वर्गिकरण :

- पहिलो चरण. सामान्यतया खाद्य सुरक्षित अवस्था- घरधुरीहरुसंग खाद्यान्नको सुरक्षित पहुँच भएको ।
- दोस्रो चरण. मध्यमस्तरीय खाद्य असुरक्षित अवस्था- घरधुरीका सदस्यहरुले उनीहरुको खाद्यान्न उपभोग घटाई क्यालोरी र पोषीलो खानाको उपभोग केहि मात्रामा मात्र पर्याप्त रहेको । यसको साथसाथै घरधुरीले पैसा सापट लिने र गैर उत्पादन मुलक सम्पत्तिहरुको बेचबिखन गर्ने जस्ता निर्वाहपद्दती अपनाएको ।
- तेस्रो चरण. उच्चतम् खाद्य असुरक्षित अवस्था-घरधुरीका सदस्यहरुले उनीहरुको खाद्यान्न उपभोग उल्लेख्य रुपमा घटाई क्यालोरी र पोषीलो खानाको उपभोग अत्यधिक रुपमा घटेको । यसको साथसाथै घरधुरीले उत्पादन मुलक सम्पत्तिहरुको बेचबिखन र बच्चाहरुलाई विद्यालयबाट छुटाउने जस्ता परिपूर्ति गर्न नसकिने खालको निर्वाह पद्दती अपनाएको ।
- चौथो चरण. गम्भिर खाद्य असुरक्षित अवस्था- घरधुरीका सदस्यहरुले उनीहरुको खाद्यान्न उपभोग उल्लेख्य रुपमा घटाई क्यालोरी र पोषीलो खानाको उपभोग अत्यधिक रुपमा घटेको । घरधुरी संग सिमित निर्वाह संयन्त्र बाकी रहेको र अन्तिम सम्पत्ति/ जमिन समेत बेच्ने सम्भावनामा पुगेको ।
- पाचौ चरण. मानवीय आपतकालीन/भोकमरीको अवस्था-घरधुरी संग खाद्यान्नको पहुँच प्राप्त गर्ने कुनै अवसर नभएको र यदि बेलैमा वास्ता गरिएन भने भोकमरीको अवस्था तर्फ लैजाने सम्भावना रहेको ।

* खाद्य असुरक्षित जनसंख्याको अनुमान २००९ को प्रक्षेपित जनसंख्यामा आधारीत छ ।

नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली
Nepal Khadhya Suraksha Anugaman Pranali (NeKSAP)
Nepal Food Security Monitoring System

निम्न संस्थाहरु द्वारा संयुक्त रुपमा प्रकाशित
**कृषि तथा सहकारी मन्त्रालयः** खाद्य सुरक्षा अनुगमन इकाई
**विश्व खाद्य कार्यक्रमः** खाद्य सुरक्षा अनुमगन तथा विश्लेषण इकाई
WFP wfp.org




# नेपाल खाद्य सुरक्षा बुलेटिन, अंक-३१


## खाद्य सुरक्षाका मुख्य पक्षहरु

## बालि उत्पादन

नक्सा २. गहुँको उत्पादन पूर्वानुमान



नक्सा ३. जौको उत्पादन पूर्वानुमान





### आन्तरिक अवस्था

- गहुँ र जौ नेपालको मुख्य हिउँदे बालि हुन् । यी बालिहरु सामान्यतया केहि हिमाली जिल्लाहरुमा बाहेक कार्तिक महिनामा लगाईन्छ र मध्य चैत्र-मध्य असाढ महिनामा भित्र्याइन्छ । जिल्ला कृषि विकास कार्यालय र NeKSAP जिल्ला खाद्य सुरक्षा सञ्जालको रिपोर्ट अनुसार नेपाल भर हिउँदे बालिको उत्पादन पूर्वानुमान सामान्य छ (नक्सा २ र ३) । यस आँकलनले २०६७/२०६८ को बर्षे बालि जस्तै हिउँदे बालिको उत्पादन पनि राम्रो रहने सङ्केत गरेकोछ ।
- घरधुरी सर्वेक्षणवाट प्राप्त नतिजा अनुसार तराई, पहाड र हिमाली जिल्लाका क्रमशः ९२, ५८ र ८३ प्रतिशत घरधुरीहरुले यस वर्ष गहुँको उत्पादन सामान्य हुने अपेक्षा गरेका छन् (चित्र २) । अधिकाँश घरधुरीहरुले बालि लगाउने र हुर्कने समयमा अनुकुल मौसम, पर्याप्त वर्षा तथा हिमपात भएको पनि जनाए ।
- उत्पादन पूर्वानुमान सामान्य भएतापनि देशका केही क्षेत्रहरुमा भने स्थानीय स्तरमा घटित् प्राकृतिक प्रकोपहरुका प्रभावका (असिना, बालिमा लाग्ने रोग तथा कीराको प्रकोप) कारण उत्पादनमा ह्रास आउने अनुमान छ । उदाहरणका लागि दैलेख, बैतडी, बाजुरा, रुकुम र सल्यानमा असिनापात र रोग कीराको प्रकोपका कारण उत्पादन घट्ने अनुमान छ । सप्तरी र सिरहा जिल्लामा गत वर्षको तुलनामा उत्पादन पूर्वानुमान राम्रो भएतापनि गहुँको उत्पादन भने सामान्य वर्षको तुलनामा मध्यमस्तरीय (<२०-४० %) हुने अनुमान छ । उत्पादनमा आएको ह्रासले सुकुम्वासी, कम जमिनबाट हुने कृषि उत्पादन माथि निर्भर परिवारहरु तथा कृषि मजदुरीबाट हुने आम्दानी माथि आश्रित मानिसहरुलाई प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा प्रभाव पार्नेछ । हरेक बर्ष जसो नै निरन्तर रुपमा खाद्यान्नमा भएको मुल्य बृद्धि ठूलो चासोको विषय वनेको छ । गत बर्षको बैसाख महिनाको तुलनामा यस बर्षमा मोटा चामलको र गहुँको पिठोको मुल्य रु २.७ (८.५%), र ४.१५ (१२.७%) ले बृद्धि भयो (चित्र ३ पाना ५) ।

### क्षेत्रीय, अन्तर्राष्ट्रिय अवस्था

- भारतले पनि २०११ मा गहुँको उत्पादन राम्रो हुने अपेक्षा गरेको छ । FAO को पछिल्लो प्रक्षेपण अनुसार २००९/२०१० भएको राम्रो उत्पादनको तुलनामा भारतले यस वर्ष अझै ०.९ प्रतिशत बृद्धि गरी ८ करोड १५ लाख मे.ट गहुँ उत्पादन गर्ने अनुमान छ, ।
- FAO को परिमार्जित अनुमान अनुसार २०१०/११ मा विश्वव्यापी रुपमा २ अर्ब २३ करोड ७० लाख मे.ट खाद्यान्न उत्पादन भयो जुन २००९ को प्रचूर उत्पादन भन्दा १.१ प्रतिशतले कमी हो । बढ्दो मागको अगाडी २०१० मा उत्पादनमा आएको यो ह्रासले विश्वव्यापी खाद्यान्न सञ्चितीलाइ घटाउने अनुमान छ । जसको संकेत स्वरुप गत वर्ष यही समयको तुलनामा हाल अन्तर्राष्ट्रिय स्तरमा मुख्य खाद्यान्नको मूल्यमा ७० प्रतिशतले बृद्धि भएको छ (Crop Prospects and Food Situation FAO, March 2011).

चित्र २. भौगोलीक क्षेत्रका आधारमा गहुँ उत्पादन सम्बन्धि घरधुरीहरुको अवधारणा




## बसाईसराइको अवस्था

- मौसमी बसाईसराइको परम्परागत अभ्यास अनुसार यस अनुगमन अवधिको अन्त्यतिर बसाइसराई गएका मानिसहरु घर फर्कन थालेका छन् । उनीहरु मध्य चैत्र-मध्ये असार अवधिभर हिउँदे बालि भित्र्याउने र वर्षे बालि लगाउने काममा व्यस्त हुनेछन् । यसरी मौसमी बसाइ-सराई गर्ने कामदारहरुले घर फर्कंदा केहि नगदी आम्दानी पनि लिएर आउने हुनाले यसले खाद्य सुरक्षामा राम्रो टेवा पुऱ्याएको छ ।
- मध्य तथा सुदूरपश्चिमी पहाडी तथा हिमाली क्षेत्रमा विप्रेषण आम्दानीको एक मुख्य श्रोत हो । जुम्ला र कालिकोटका ३० प्रतिशत घरधुरीहरुले मौसमी बसाइ-सराइवाट विप्रेषण पाप्त गरेको रिपोर्ट छ । प्राप्त जानकारी अनुसार मध्य तथा सुदूरपश्चिमका पहाडी तथा हिमाली जिल्लाहरुमा विप्रेषणले आम्दानीको २० प्रतिशत हिस्सा ओगटेको छ ।




# नेपाल खाद्य सुरक्षा बुलेटिन, अंक-३१

## खाद्य सुरक्षाका मुख्य पक्षहरु

### बजारको अवस्था


चित्र ३. मुख्य खाद्य वस्तुहरुको मूल्य, चैत्र





- खाद्यान्नको मूल्य निरन्तर रुपमा बृद्धि भइरहेको छ। नेपाल राष्ट्र बैंकका अनुसार उपभोक्ता मूल्य सूचकाङ्कमा बृद्धि भई हाल ११.३ प्रतिशत भएको छ जुन गत वर्ष यही समयमा १०.७ प्रतिशत थियो। खाद्यान्न र पेय पदार्थको मूल्य सूचकाङ्क भने १७.६ प्रतिशतले बढेको छ। उपभोक्ता मूल्य सूचकाङ्कमा भएको बृद्धि सबै भन्दा बढी काठमाडौंमा (१३.९%) तत्तपश्चात पहाडमा (१२.१ %) र तराई क्षेत्रमा (९.१ %) देखिएको छ।
- विश्व खाद्य कार्यक्रमका फिल्ड मनिटरहरुको प्रतिवेदन अनुसार मध्य पौष-मध्य चैत्र अवधिमा बजार तथा यातायात सुचारु रुपमा सञ्चालन भएका थिए। यधपी, मध्य बैसाख-मध्य जेष्ठमा भने धेरै जसो स्थानहरुमा बन्द हड्ताल भएका थिए।
- अन्न बालिको राम्रो उत्पादनका साथै यातायात सुचारु भएतापनि ईन्धनको मूल्य बृद्धिका कारण समग्र खाद्यान्न मूल्य सूचकाङ्क विशेष गरी खाद्यबस्तुको मूल्यमा भने बृद्धि भइरहेको छ। हिउँदे बालि बिशेष गरि गहुँ र जौ को उत्पादन पछि आधारभुत खाद्य बस्तुहरुको मुल्यमा कमि आउने अपेक्षा गरिएको छ। तर केहि पछि सम्मको अवधिलाइ हेर्ने हो भने पेट्रोलको भाउ बद्दिले गर्दा खाद्यान्नको मुल्यस्फीती निरन्तर नै रहने देखिन्छ।
- राजनीतिक संक्रमणकाल लम्बिए संगसंगै बन्द हड्तालमा समेत बृद्धि भइरहेको हुँदा यसले पनि खाद्य बस्तुको मुल्य बृद्धिलाई नै सघाउने देखिन्छ। यसको संकेत विभिन्न राजनीतिक दल तथा संस्थाहरुले आव्हान गरेका बन्द हडताल तथा विरोधका कार्यक्रमहरुले दिएको छ।
- मनसुनि बर्षासंगसंगै पहाडी तथा हिमाली जिल्लाहरुमा पहिरोका कारण यातायात अवरुद्ध हुने हुँदा यसले खाद्यान्न सामग्रीको ढुवानी र बजार मुल्यमा समेत प्रत्यक्ष प्रभाव पार्न सक्ने अनुमान गरिएको छ।

### घरधुरीको खाद्य सुरक्षा अवस्था

चित्र ४. खाद्य उपभोग समूह





चित्र ५. खाद्य उपभोग समूह (खाद्य सुरक्षा चरण २ र ३ साथै ग्रमीण नेपालको तुलनात्मक प्रस्तुती)




- गत वर्ष यही समयको तुलनामा यस बर्ष घरधुरीको खाद्य सुरक्षा अवस्थामा सुधार आयो। यो सुधार मुख्यत यस बर्षको बर्षे बालिको उत्पादन राम्रो हुनाको कारणले भएको हो। तर खाद्य असुरक्षित क्षेत्रमा बर्षे बालि खराब रहेको हुँदा विशेष गरि खाद्य सुरक्षा चरण २ र ३ मा भएको आधा जसो घरधुरीहरुले आशातित् स्वीकारयोग्य खाना उपभोग गर्न सकिरहेका छैनन् (चित्र ५)।
- खाद्य असुरक्षाको मारमा परेका घरधुरीहरुले अँचोपैंचो गरेर, कम रुचीकर खाना खाएर, विप्रेषण र बचत रकम खाद्यमा खर्च गरेर निर्वाह गरिरहेका छन् (चित्र ६)। केहीले शिक्षामा गरिने खर्च कम गरेर र वीउ समेत् उपभोग गरेर पनि निर्वाह गरिरहेका छन्।

चित्र ६. निर्वाह पद्दती तुलनात्मक अध्ययन (२०६६ र २०६७)




*विश्व खाद्य कार्यक्रमले खाद्य उपभोग समूह निकाल्नकालागि प्रयोग गरेको विधि विस्तृत रुपमा निम्न (NeKSAP) गुगल ग्रुप विद्युतीय ठेगानामा हेर्न सकिनेछ: https://docs.google.com/viewer?a=v&pid=sites&srcid=ZGVmYXVsdGRvbWFpbnxuZWZvb2RzZWN8Z3g6NWFjYWE1M2E0ZjFkNjNlNQ



# नेपाल खाद्य सुरक्षा बुलेटिन, अंक-३१

## खाद्य सुरक्षा पूर्वानुमान र जिल्लास्तरीय प्रतिवेदन

### खाद्य सुरक्षा पूर्वानुमान

- हिउँदे बालिको उत्पादन पुर्वानुमानको अवस्था सकारात्मक नै देखिएको छ। यसले गर्दा बैसाख-अषाढ महिनामा खाद्य सुरक्षामा सकारात्मक योगदान गर्ने अनुमान छ। यद्यपी, कर्णाली तथा सुदूरपश्चिमका क्षेत्रहरुका पहाडी तथा हिमाली भेगमा मध्य असार देखि आश्विन महिनाको अवधिमा खाद्यान्नको अभाव हुने देखिन्छ। किनभने हिउँदे बालिको सामान्य उत्पादन हुँदा पनि उक्त क्षेत्रमा यसले १-२ महिनाका लागि मात्र धान्न सक्तछ।
- पूर्व मनसुनि वर्षा सक्रिय रहेको छ। नेपाल भर मुख्य वर्षे बालि मकै र धानको प्रारम्भिक पूर्वानुमान राम्रो छ। मकै छर्ने काम भईरहेको र हाल सम्म अंकुरण राम्ररी भईरहेको छ।
- मध्य तथा सुदूरपश्चिमी क्षेत्रमा मौसमी बसाईसराइ गएका मानिसहरु फर्कने क्रम जारी छ। उनीहरुले ल्याएको विप्रेषणले खाद्य असुरक्षाको अवस्था सुधार ल्याउन सहयोग पुऱ्याइरहेछ।
- गैह्र काष्ठ वन पैदावरको बेचबिखन, नगदे बालि तथा पशुजन्य उत्पादनको विक्रिका साथै पर्यटन क्षेत्रवाट मध्य चैत्रबाट मध्य असार सम्म केहि घरधुरीहरुको आयआर्जनमा बृद्धि हुने देखिन्छ।
- देश भर बन्द हडतालहरुमा बृद्धि हुने देखिएको र यसले खाद्य सुरक्षाको अवस्थामा प्रभाव पार्ने देखिन्छ। यसमध्ये यातायातमा व्यवधान हुने, बजार बन्द हुने ज्यालादारीका कामहरुको अवसरमा कमि हुन हुन सक्छ।
- दुर्गम स्थानमा रहेका बजारहरुलाई मनसुनी बर्षाको कारण ढुवानी मार्गमा बाधा पर्न गई समस्या हुन सक्छ। साथै मौसमी पहिरो आदिका कारण पहाडि तथा हिमालि जिल्लाहरु खास गरि मध्य तथा सुदूरपश्चिमी नेपालमा नराम्रो असर पर्न सक्छ।
- विश्वव्यापी रुपमा अस्थिर रहेका मुख्य खाद्य बस्तुहरुको मुल्यले स्थानिय बजारमा पार्न सक्ने प्रभावको पनि निकट रुपमा अनुगमन गर्न आवश्यक हुनेछ।

### विस्तृत खाद्य सुरक्षा जानकारी

नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली (NeKSAP) ले हाल नेपालभर ७२ जिल्लाहरुको नियमित अनुगमन गर्दछ। यहि सूचनाहरुले यस बुलेटिनको लागि सूचना सामाग्री जुटाउँदछ। हरेक जिल्लाको पूर्ण खाद्य सुरक्षा बुलेटिन अंग्रेजी र नेपालीमा * NeKSAP को निम्न गुगल साईटको विद्युतिय ठेगानामा हेर्न सकिनेछ; http://sites.google.com/site/nefoodsec/home। केही गम्भिर खाद्य असुरक्षित जिल्लाहरु को बुलेटिन भने यसै मुख्य बुलेटिन साथ संलग्न गरिएको छ।

**समूह १. कर्णाली**
डोल्पा*
हुम्ला*
जुम्ला*
कालिकोट*
मुगु*

**समूह २. पश्चिमी पहाडी तथा हिमाली जिल्लाहरु**
अछाम*
बझाङ्ग*
बाजुरा*
बैतडी*
डडेलधुरा*
दार्चुला*
डोटी*

**समूह ३. राप्ति- भेरी पहाडी जिल्लाहरु**
दैलेख*
जाजरकोट*
प्यूठान
रोल्पा*
रुकुम*
सल्यान*
सुर्खेत

**समूह ४. पश्चिमी तराई**
कञ्चनपुर
कैलाली
बर्दिया
बाँके
दाङ्ग
कपिलबस्तु
रुपन्देही

**समूह ५. पुर्वी तराइ**
चितवन
पर्सा
बारा
रौतहट
सर्लाही
महोत्तरी
धनुषा
सप्तरी
सिरहा
सुनसरी
मोरङ्ग
झापा

**समूह ६. पश्चिमी पहाडी तथा हिमाली जिल्लाहरु**
गोरखा*
लम्जुङ्ग
तनहु
अर्घाखाँची
गुल्मि
पाल्पा
स्याङ्जा
पर्वत
बाग्लुङ्ग
म्याग्दी
मुस्ताङ
मनाङ्ग
कास्की

**समूह ७. मध्य पहाडी तथा हिमाली जिल्लाहरु**
सिन्धुली
रामेछाप
दोलखा
सिन्धुपाल्चोक
काभ्रेपलाञ्चोक
नुवाकोट
रसुवा
मकवानपुर

**समूह ८. पुर्वी पहाडी तथा हिमाली जिल्लाहरु**
ताप्लेजुङ्ग
पाँचथर
संखुवासभा
इलाम
ओखलढुङ्गा
खोटाङ
धनकुटा
उदयपुर
सोलुखुम्बु
भोजपुर
तेह्रथुम

*यो खाद्य सुरक्षा बुलेटिन निम्न सूचनाको आधारमा तयार पारिएको हो; (१) १०४६ घरधुरीहरु (पहाड::४१७; हिमाल: ३००; तराई: ३२९ घरधुरीहरु) बाट नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली (NeKSAP) को मध्य पौष देखि मध्य चैत्र सम्मको अनुगमन अवधिमा संकलित तथ्याङ्क, (२) NeKSAP द्वारा १७ जिल्लाहरुमा सञ्चालित जिल्ला खाद्य सुरक्षा संजाल भेला, र (३) अन्य सान्दर्भिक सुचनाका श्रोतहरु।*

यो परियोजना युरोपियन युनियन अन्तर्गत खाद्य सहयोग कोषको सहयोगमा संचालित छ। यस बुलेटिनमा प्रकाशित विचारहरुले युरोपियन कमिसनको विचारहरुलाई प्रतिबिम्बित गर्दछ भन्ने कुनै जरुरी छैन।

नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली
Nepal Khadhya Surakshya Anugaman Pranali (NeKSAP)
Nepal Food Security Monitoring System

निम्न संस्थाहरु द्वारा संयुक्त रुपमा प्रकाशित
**कृषि तथा सहकारी मन्त्रालय:** खाद्य सुरक्षा अनुगमन इकाई
**विश्व खाद्य कार्यक्रम:** खाद्य सुरक्षा अनुमगन तथा विश्लेषण इकाई

WFP
wfp.org




# नेपाल खाद्य सुरक्षा बुलेटिन, अंक-३१
# NeKSAP परियोजना ताजा जानकारी

## कृषि तथा सहकारी मन्त्रालय-विश्व खाद्य कार्यक्रमको संयुक्त नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली सवलीकरण परियोजना

NeKSAP जिल्ला खाद्य सुरक्षा सञ्जाल देशभरका ७२ जिल्लाहरुमा विस्तार गरी सकिएको छ। यस्तै, ७२ जिल्लाका जिल्ला खाद्य सुरक्षा सञ्जालका २,८४७ सहभागीहरुलाई जिल्ला स्तरीय खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण तालीम प्रदान गरी सकिएको छ (नक्सा ४)। ती मध्ये, १,५७७ सहभागीहरु (कूल सहभागीको ५५ प्रतिशत), सरकारी कार्यालयहरुबाट र बाँकी अन्य अ/गैसस, संयुक्त राष्ट्र संघीय निकायहरु, नागरीक समाजका प्रतिनिधिहरु र राजनीतिक दलका पदाधिकारीहरु मध्येबाट समेत् हुनुहुन्थ्यो। जिल्ला खाद्य सुरक्षा सञ्जाललाई ७२ जिल्लामा विस्तार गर्ने र सञ्जालका सदस्यहरुलाइ जिल्ला स्तरीय खाद्य सुरक्षा अनुगमन तालीम दिने कार्य नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली सवलीकरणका मुख्य क्रियाकलापहरुमा पर्दछन्।

**नक्सा ४: NeKSAP कार्यक्रमको ताजा जानकारी**




यो परियोजना युरोपियन युनियन अन्तर्गत खाद्य सहयोग कोषको सहयोगमा संचालित छ। यस बुलेटिनमा प्रकाशित विचारहरुले युरोपियन कमिसनको विचारहरुलाई प्रतिबिम्बित गर्दछ भन्ने कुनै जरुरी छैन।


नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली
Nepal Khadhya Surakshya Anugaman Pranali (NeKSAP)
Nepal Food Security Monitoring System

निम्न संस्थाहरु द्वारा संयुक्त रुपमा प्रकाशित
**कृषि तथा सहकारी मन्त्रालय:** खाद्य सुरक्षा अनुगमन इकाई
**विश्व खाद्य कार्यक्रम:** खाद्य सुरक्षा अनुमगन तथा विश्लेषण इकाई